**ILAM Vol. 21, Issue 1, February 2025**
**ISSN: 2362-1176**
**DOI: https://doi.org/10.3126/ilam.v21i1.75696**


# शिरीषको फूल उपन्यासका पात्रको शैलीवैज्ञानिक अध्ययन

शिक्षण सहायक, सुजन सोडारी
सानोठिमी क्याम्पस, भक्तपुर
Email: sujan.sodari@sac.tu.edu.np

**लेखसार**

*प्रस्तुत लेख सुप्रसिद्ध आख्यानकार पारिजातद्वारा लिखित 'शिरीषको फूल' उपन्यास शैलीवैज्ञानिकको आधारमा विश्लेषण गर्नु रहेको छ । यस लेखमा पात्र वर्गीकरणका शैलीवैज्ञानिक आधारहरूलाई केलाउने प्रयास गरिएको छ । यस उपन्यासमा प्रयोग भएका प्रमुख र सहायक पात्रहरूको शैलीवैज्ञानिक विश्लेषण गरिएको छ । प्रस्तुत लेख गुणात्मक अनुसान्धान विधिमा आधारित रहेको छ । यस लेखमा आवश्यक सामग्रीहरू पुस्ताकालयीय कार्यको माध्यमबाट सङ्कलन गरिएको छ । यस उपन्यासमा सुयोगवीर प्रमुख पुरुष पात्र, प्रतिकूल पात्र, गतिशील पात्र, व्यक्तिगत पात्र, मञ्चीय पात्र र बद्ध पात्र पात्रको भूमिकामा रहेको पाइन्छ । सकमबरी प्रमुख स्त्री पात्र, अनुकूल पात्र, गतिशील पात्र, व्यक्तिगत पात्र, मञ्चीय पात्र र बद्ध पात्रको रूपमा रहेको छ । शिवराम सहायक पुरुष पात्र, अनुकूल पात्र, स्थिर पात्र, व्यक्तिगत पात्र, मञ्चीय पात्र र बद्ध पात्रको भूमिकामा रहेको निष्कर्ष निकालिएको छ । प्रस्तुत लेखबाट पात्रको शैलीवैज्ञानिक विश्लेषण सम्बद्ध सरोकारवाला सबैलाई अपेक्षित सहयोग पुग्ने विश्वास लिइएको छ ।*

**शव्दकुञ्जी:** शैलीवैज्ञानिक, अस्तित्ववादी, जीवनचेतना, शून्यवादी, निरर्थक

## पृष्ठभूमि

नेपाली साहित्यका आख्यानकार पारिजात (१९९०-२०५०) बहुमुखी नारी प्रतिभाकी धनी स्रष्टा हुन् । उनको वास्तविक नाम विष्णुकुमारी वाइवा हो । नेपाली साहित्यमा उनको  योगदान उल्लेखनीय देखिन्छ । उनको शिरीषको फूल (२०२२) आधुनिक उपन्यासको दोस्रो चरणको अस्तित्ववादी धाराको पहिलो नेपाली उपन्यास मानिन्छ । नेपाली उपन्यास जगतमा काव्यात्मक, बौद्धिक भाषिक चिन्तनले नयाँपन ल्याएको छ । जीवनको निराशावादी चिन्तन र अस्तित्ववादको अवधारणालाई उपन्यासले विशेष प्राथामिकताको साथ आत्मसात गरेको पाइन्छ । त्यसैले पारिजातलाई विसङ्गतिवादी र अस्तित्ववादी उपन्यासकार रूपमा चिनिन्छ । उनका प्रकाशित उपन्यासहरू शिरीषको फूल (२०२२), महत्ताहीन (२०२५), बैंसको मान्छे (२०२९), तोरीबारी बाटा र सपनाहरू (२०३३), पर्खालभित्र र बाहिर (२०३४), अन्तर्मुखी ( २०३५), उसले रोजेको पहाड (२०३५), अनिदो पहाड (२०३९), परिभाषित आँखाहरू (२०४६) र बोनी (२०४८) रहेका पाइन्छन् । उनले राल्फा आन्दोलनलाई प्रभावकारी रुपमा नेतृत्व गरेको पाइन्छ ।

शैलीविज्ञान 'Stylistics' शब्द नेपाली दुईवटा पदहरू 'शैली' र 'विज्ञान' मिली बनेको छ । 'शैली' ले ढङ्ग, तरिका वा रीतिलाई जनाउँछ भने विज्ञानले कुनै पनि कुराको सत्य तथ्यलाई प्रमाणित गर्ने आधारलाई जनाउँछ । सामान्य अर्थमा शैलीविज्ञानले शैलीको अध्ययन गर्ने विज्ञान भन्ने बुझाउँछ भने विशिष्ट रूपमा यसले भाषाको माध्यमबाट गरिने साहित्यको वस्तुनिष्ठ आलोचना प्रणालीलाई शैलीवैज्ञानिक समालोचना बुझाउँछ । शैलीविज्ञान भाषाविज्ञान र साहित्यशास्त्रको समन्वय रूप हो । शैली विज्ञानको मूल ध्येय पनि कृतिको व्याख्या, विश्लेषण र मूल्याङ्कन गर्नु हो । "शैलीविज्ञानको कृति विश्लेषण प्रक्रियाअनुसार यसले कुनै पनि कृतिको बाह्य पक्षको विश्लेषण गर्दै त्यसको आन्तरिक पक्षतिर अघि बढ्छ र त्यसभित्र रहेको सौन्दर्य पक्षलाई उजागर गर्ने प्रयत्न गर्छ" (भुसाल, २०८१, पृ. ६१) । भाषा र साहित्यको रचनात्मक प्रयोगलाई विश्लेषण गर्दछ । शैली विज्ञानले शब्द चयन, वाक्य संरचना, भाषिक उपकरणहरू र साहित्यिक विधिहरूलाई विश्लेष्ण गरी लेखकको शैलीको पहिचान गर्दछ । शर्मा (२०५९)ले साहित्यिक कृतिको संरचना छनोट आदिलाई खोतल्नु र विश्लेषणद्वारा अन्तरनिर्हित कला सौन्दर्य र साहित्यिकताको उद्घाटन गर्ने भाषा विज्ञानको नवीनतम् भाषावादी सिद्धान्त नै शैली विज्ञान हो भनेका छन् ।

ISSN: 2362-1176
DOI: https://doi.org/10.3126/ilam.v21i1.75696

शैलीवैज्ञानिक सिद्धान्तका आधारमा कुनै पनि कृतिको वर्णन विश्लेषण गर्दा कृतिको व्यवस्थित क्रमवद्ध र वस्तुनिष्ठ व्याख्या विवेचना गरिन्छ ।

शिरीषको फूल उपन्यासमा मानिसले दुःख, वेदना र सन्त्रासको स्थितिमा आफ्नो अस्तित्वको बोध गर्दछ भन्ने कुरा देखाउन उपन्यासमा थोरै तर विशिष्ट पात्रको चयन गरिएको पाइन्छ । यसकारण शिरीषको फूल उपन्यासको पात्रगत शैलीवैज्ञानिक अध्ययन गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान ढाँचामा आधारित रहेको छ। यस लेखमा वर्णनात्मक विधिको उपयोग गरिएको छ । यस क्रममा पुस्ताकालयीय कार्यका माध्यमबाट सामग्रीहरू सङ्कलन गरिएको छ । पारिजातको 'शिरीषको फूल' उपन्यासलाई प्राथमिक स्रोतको रूपमा प्रयोग गरिएको छ। सम्बन्धित विषयका प्रकाशित पुस्तकहरू, पत्रपत्रिकाहरू, जर्नलहरूलाई द्वितीयक स्रोतको रूपमा उपयोग गरिएको छ।

## व्याख्या तथा विष्लेषण

### पात्र

"आख्यानमा पाइने व्यक्तिलाई पात्र भनिन्छ" (शर्मा, २०५९, पृ. ११४) । आख्यानात्मक कृतिमा आउने मानवीय तथा मानवेत्तर व्यक्ति वा प्राणीलाई पात्र भनिन्छ भने उक्त व्यक्तिको विशेषताचाँहि चरित्र हो। "कथानकलाई पाठकका सामु जीवन्त रूपमा उतार्ने काममा चरित्रले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ" (ढुङ्गेल र दाहाल, पृ.२१०) । आख्यानमा पात्र एक अनिवार्य र महत्वपूर्ण तत्त्वको रूपमा रहेको हुन्छ । अङ्ग्रेजीको क्यारेक्टर (character) शब्दको समानार्थीका रूपमा नेपालीमा पात्र वा चरित्रलाई लिइन्छ। पात्रलाई आख्यानात्मक कृतिको प्राण मानिन्छ । पात्रबिना कुनै पनि आख्यानात्मक कृतिको रचना सम्भव हुँदैन । हिजोआज घटनाप्रधानभन्दा चरित्रप्रधान आख्यानलाई बढ्ता महत्व दिने गरिनाले पनि पात्रलाई आख्यानका अन्य तत्त्वहरूभन्दा बढी महत्त्वपूर्ण मान्ने गरिन्छ।

आख्यानमा कथानकलाई बोक्ने, अगाडि बढाउने एवम् गतिशीलता प्रदान गर्ने काम पात्रले गर्दछ। पात्रले घटाउने घटनामाथि नै कथानक आधारित हुन्छ। पात्रका माध्यमबाटै समाज र संस्कृतिको चित्रण सम्भव हुन्छ र समाजमा विद्यमान विभिन्न मानवीय प्रवृत्तिहरूको प्रस्तुति आख्यानकारले पात्रका माध्यमबाट गर्दछ। पात्रहरूको अवस्था, घटना, कार्यकलाप, परिवेश आदिका माध्यमबाटै कथानक अगाडि बढेको हुन्छ। "उपन्यासभित्र कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानवीय र मानवेत्तर प्राणीलाई पात्र भनिन्छ" (बराल र एटम, २०५८ : पृ. ३०)। कथानकका उपकरणका रूपमा रहेका द्वन्द्व, कार्यव्यापार, संशय, कुतुहलता आदिलाई चलायमान गराउने काम पनि पात्रले नै गर्दछ। परम्परागत आख्यानमा मानवेत्तर पात्रको प्रयोग निकै पाइए तापनि आधुनिक आख्यानात्मक कृतिमा मानवीय पात्रको नै अधिक प्रयोग भएको देखिन्छ।

सामान्यतया पात्र र चरित्र शब्दलाई एउटै अर्थमा प्रयोग गर्ने गरिन्छ। पात्र भन्नु र चरित्र भन्नु एउटै र उस्तै हो भनेर पनि बुझिन्छ। तर मिहीन ढङ्गले हेर्दा पात्र र चरित्रलाई फरक रूपमा बुझ्न र अर्थ्याउन सकिन्छ। आख्यानात्मक कृतिमा प्रयोग हुने व्यक्ति पात्र हो भने उक्त व्यक्तिले देखाउने व्यवहार वा उसको विशेषताचाँहि चरित्र हो। चरित्रको कार्यव्यापार उसको स्वभाव र प्रवृत्तिमा आधारित हुनेहुँदा आख्यानको विषय अनुकूलको चरित्र छनोट गर्नुपर्दछ। आख्यानको उद्देश्य र परिवेश अनुकूल चरित्रको छनोट गर्न सकेमा मात्र आख्यानले विश्वसनीयता र जीवन्तता प्राप्त गर्न सक्छ।

### पात्र वर्गीकरणका शैलीवैज्ञानिक आधारहरू

आख्यानात्मक कृतिमा आउने पात्रहरू विभिन्न किसिमका हुन्छन्। ती थरिथरिका पात्रहरूको कस्ता छन् ? तिनका गुण विशेषता के हुन् ? भन्ने कुरा थाहा पाउन पात्र वर्गीकरणले मद्दत गर्दछ। शैलीवैज्ञानिक वर्गीकरणका

ILAM Vol. 21, Issue 1, February 2025
ISSN: 2362-1176
DOI: https://doi.org/10.3126/ilam.v21i1.75696


सहायताले गरिने व्याख्या विश्लेषण बढी वस्तुगत हुने गर्दछ । "पात्र भनेको कुनै पनि आख्यानात्मक कृतिको पर्यावरणभित्र व्यवस्थित गरिएको व्यक्ति हो । यस्तो व्यक्ति वा पात्रको वस्तुगत वर्गीकरणका निम्ति काव्याशास्त्र र भाषाविज्ञानको समन्वयबाट केही आधारहरू निर्धारण गर्न सकिन्छ । तिनै निर्धारित आधारहरू बमोजिम कुनै पनि आख्यानात्मक कृतिबाट चरित्रसम्बन्धी केही तथ्याङ्क जुटाएर पात्रको शैलीवैज्ञानिक वर्गीकरण गर्न सकिन्छ भने सो वर्गीकरणका आधारमा कृतिकारको चरित्र चित्रणको पनि यथार्थ विश्लेषण र मूल्याङ्कन गर्न सकिन्छ" (शर्मा, २०५९ : पृ. १५५) । शर्माका (२०५९) अनुसार पात्र वर्गीकरणका शैलीवैज्ञानिक आधारहरू लिङ्ग, कार्य/भूमिका, प्रवृत्ति, स्वभाव, जीवनचेतन, आसन्नता र आबद्धता रहेका छन् । यसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**लिङ्गको आधार**

आख्यानमा प्रयोग भएका पात्रहरूको शारीरिक जात छुट्याउने आधार लिङ्ग हो र यस आधारमा पात्रहरू पुरुष र स्त्री गरी दुई प्रकारका हुन्छन् (शर्मा, २०५९) । नामाकरण, स्वभाव, स्वरूप, सम्बन्ध आदिका आधारमा पात्रहरूको लिङ्ग सजिलै छुट्याउन सकिन्छ । लिङ्गकै आधारमा पात्रहरूलाई नायक/नायिका, सहनायक/ सहनायिका, खलनायक/खलनायिका आदि नामबाट चिनाउने र छुट्याउने गरिन्छ ।

**कार्यको आधार**

आख्यानमा प्रयोग भएका पात्रहरूले आआफ्नो कार्य सम्पन्न गरिरहेका हुन्छन् वा आआफ्नो भूमिका निभाइरहेका हुन्छन् । तथापि सबै पात्रहरूले गर्ने कार्य वा निभाउने भूमिका बराबरी हुँदैन । आख्यानमा उपस्थित सबै पात्रहरूको क्रियाशीलता र महत्व समान हुँदैन । त्यसकारण पात्रले निभाउने भूमिका वा उसले सम्पन्न गर्ने कार्यव्यापारका आधारमा पात्रहरू प्रमुख, सहायक र गौण गरी तीन प्रकारका हुन्छन् ।

कथानकमा सबैभन्दा महत्वपूर्ण भूमिका निभाउने तथा सबैभन्दा बढी क्रियाशील रहने पात्रलाई प्रमुख पात्र भनिन्छ । कथानकमा प्रमुख पात्रको भूमिका सर्वाधिक महत्वपूर्ण हुन्छ ।  प्रमुख पात्र कथानकको केन्द्रमा रहेको हुन्छ वा उसकै वरिपरि कथानक घुमेको हुन्छ । प्रमुख पात्रलाई पुरुष भए नायक र स्त्री भए नायिका भनिन्छ ।। प्रमुख पात्रलाई मुख्य पात्र पनि भन्ने गरिन्छ । कथानकमा महत्वपूर्ण तर प्रमुख पात्रभन्दा केही कम भूमिका भएका पात्रलाई सहायक पात्र भनिन्छ कथानकमा महत्वपूर्ण तर प्रमुख पात्रभन्दा केही कम भूमिका भएका पात्रलाई सहायक पात्र भनिन्छ । कथानकमा प्रमुख पात्रको सहयोगी भएर कार्यव्यापार सम्पन्न गर्ने काम सहायक पात्रले गर्दछ । सहायक पात्र पुरुष भए सहनायक र स्त्री भए सहनायिका भने गरिन्छ । त्यसैगरी कथानकमा सहायक पात्रभन्दा पनि कम भूमिका भएको पात्रलाई गौण पात्र भनिन्छ । यस्ता पात्रहरू कथानकको बिचमा आउने र बिचमै हराउने पनि गर्दछन् । नायक/नायिका र सहनायक/सहनायिका बाहेकका अन्य सामान्य पात्रहरू गौण पात्र हुन् ।

**प्रवृत्तिको आधार**

आख्यानका पात्रहरू समाजकै प्रतिबिम्ब हुन् । समाजमा एउटै चरित्रका मानिसहरू हुँदैनन् । त्यसकारण प्रवृत्तिका आधारमा आख्यानका पात्रहरू अनुकूल र प्रतिकूल गरी दुई प्रकारका हुन्छन् । "आख्यानात्मक कृतिमा अनुकूल पात्रका निम्ति सकारात्मक शब्द वा सकारात्मक भाव भएका शब्दको बढी प्रयोग गरिएको हुन्छ भने प्रतिकूल पात्रका निम्ति नकारात्मक शब्द वा नकारात्मक भाव भएका शब्दहरूको बढी प्रयोग भएको हुन्छ" (शर्मा, २०५९, पृ. १५६) । अनुकूल पात्रलाई सत्पात्र, असल पात्र र प्रतिकूल पात्रलाई असत् पात्र, खलपात्र पनि भन्ने गरिन्छ ।

**स्वभावको आधार**

आख्यानका पात्रहरू कोही बदलिँदो परिस्थिति अनुसार बदलिने स्वभावका र कोहीचाहिँ जस्तोसुकै परिस्थितिमा पनि नबदलिने स्वभावका हुन्छन् । यस आधारमा पात्रहरू स्थिर र गतिशील गरी दुई प्रकारका हुन्छन् । कथानकको आरम्भदेखि अन्त्यसम्म एउटै स्वभाव देखाउने पात्रहरू स्थिर पात्र हुन् । यस्ता पात्रहरू बदलिँदो परिस्थितिमा पनि आफ्नो स्वभावमा परिवर्तन ल्याउँदैनन् ।  सुरूदेखि अन्तिमसम्म अनुकूल भए अनुकूल नै र प्रतिकूल भए प्रतिकूल नै रहने पात्रहरू स्थिर पात्र हुन् । कथानकको कार्यव्यापारबाट प्रभावित भई आफ्नो स्वाभव बदल्ने

**ILAM Vol. 21, Issue 1, February 2025**
**ISSN: 2362-1176**
**DOI: https://doi.org/10.3126/ilam.v21i1.75696**


पात्रहरू गतिशील पात्र हुन् । यस्ता पात्रहरूको स्वभाव सुरूदेखि अन्तिमसम्म एउटै हुँदैन वा रहँदैन । यिनीहरू अनुकूलबाट प्रतिकूल वा प्रतिकूलबाट अनुकूलमा परिवर्तन हुन्छन् वा भइरहन्छन् ।

**जीवनचेतनाको आधार**

आख्यानमा उपस्थित पात्रहरूको व्यवहार वा कार्यशैलीले समाजको प्रतिनिधित्व गर्छन् वा गर्दैनन् भन्ने आधारमा पात्रहरू वर्गगत र व्यक्तिगत गरी दुई प्रकारका हुने गर्दछन् । "वर्गगत पात्रले कुनै सामाजिक वर्गको प्रतिनिधित्व गर्छ भने व्यक्तिगत पात्रले आफ्नै प्रतिनिधित्व गर्छ" (शर्मा, २०५९, पृ. ११५) । वर्गीय भूमिकामा रहेको पात्रले आफ्नो वर्ग समूहको औसत व्यवहार देखाउँछ । यदी कुनै पात्रले कुनै पनि वर्ग समूहको प्रतिनिधित्व गर्दैन र आफ्नो मात्र प्रतिनिधित्व गर्छ भने त्यो व्यक्तिगत पात्र हो ।

**आसन्नताको आधार**

आख्यानमा प्रयोग भएका पात्रहरू कुनै दृश्य र कुनै अदृश्य खालका हुन्छन् । यस आधारमा पात्रहरू मञ्चीय र नेपथ्य गरी दुई प्रकारका हुन्छन् । आबद्धता कथानकसँग रहेको पात्रहरूको सम्बन्धको आधारमा पात्रलाई छुट्याउने उपकरण हो । कथानकको कार्यव्यापारलाई प्रत्यक्ष रूपमा अगाडि बढाउने पात्रलाई मञ्चीय पात्र भनिन्छ । कथानकको कार्यव्यापारलाई अगाडि बढाउन अप्रत्यक्ष रूपमा भूमिका निभाउने पात्रहरूलाई नेपथ्य पात्र भनिन्छ । यस्ता पात्रहरू पर्दा पछाडिबाट आफ्नो भूमिका निर्वाह गरिरहेका हुन्छन् । नेपथ्य पात्रको परोक्ष सहभागिता वा उपस्थिति रहेको हुन्छ । आसन्नताको आधारलाई उपस्थितिको आधार पनि भन्न सकिन्छ ।

**आबद्धताको आधार**

आख्यानको कथानकमा बाँधिने र नबाँधिने आधारमा पात्रहरू बद्ध र मुक्त गरी दुई प्रकारका हुन्छन् । "कृतिमा बाँधिएरमात्र सार्थक हुने पात्रलाई बद्ध र कृतिबाट स्वतन्त्र भएर पनि सार्थक हुने पात्रलाई मुक्त भनिन्छ" (शर्मा, २०५९ पृ. ११६) । जुन पात्रको भूमिका कथानकबाट हटाइदिँदा कथानकको आधारभूत संरचना खल्बलिन्छ वा बिग्रिन्छ ती बद्ध पात्र हुन् । बद्ध पात्रको अनुपस्थितिमा कथानक कुँजो बन्छ र अपूर्ण हुन्छ । जुन पात्रको भूमिका कथानकबाट हटाइदिँदा कथानकको आधारभूत संरचनामा कुनै असर पर्दैन ती मुक्त पात्र हुन् । प्रमुख र सहायक पात्रहरू बद्ध पात्र हुन् भने गौण पात्रहरू मुक्त पात्र हुन । माथि उल्लिखित आधारहरू बाहेक आख्यानका पात्रहरूलाई व्यक्तित्वका आधारमा अन्तर्मुखी र बहिर्मुखी, चिन्तनका आधारमा यथार्थवादी र आदर्शवादी, परिवेशका आधारमा सार्वभौम र आञ्चलिक तथा गहिराइका आधारमा च्याप्टा र गोला गरेर पनि वर्गीकरण गर्न सकिन्छ ।

**शिरीषको फूल उपन्यासका पात्रहरूको शैलीवैज्ञानिक वर्गीकरण**

शिरीषको फूल उपन्यासमा प्रस्तुत- सुयोगवीर, सकमबरी, शिवराज, मुजुरा, सानु, पसल्नी, सोडापानी बेच्ने ठिटो, हेडहन्टरकी छोरी, भैँसीगोठाल्नी र माटिनची गरी दशजना पात्रलाई मात्र लिइएको छ । यसबाहेक अन्य केही पात्रहरूको उल्लेख उपन्यासमा भए तापनि उनीहरूको भूमिका नगन्य रहेकाले यहाँ चर्चा गरिएको छैन ।

लिङ्गका आधारमा सुयोगवीर, शिवराज र सोडापानी बेच्ने ठिटो पुरुष पात्र हुन् भने बाँकी सबै स्त्री पात्रहरू हुन् । कार्य/भूमिकाका आधारमा सुयोगवीर र सकमबरी प्रमुख पात्र हुन् भने शिवराज सहायक पात्र हो र बाँकी सबै गौण पात्रहरू हुन् । प्रवृत्तिका आधारमा सुयोगवीर, पसल्नी र सोडापानी बेच्ने ठिटो प्रतिकूल पात्र हुन् भने बाँकी सबै अनुकूल पात्रहरू हुन् । स्वभावका आधारमा सुयोगवीर, सकमबरी र सोडापानी बेच्ने ठिटो गतिशील पात्र हुन् भने बाँकी सबै स्थिर पात्रहरू हुन् । जीवनचेतनाका आधारमा मुजुरा, हेडहन्टरकी छोरी, भैँसीगोठाल्नी र माटिनची वर्गगतपात्र हुन् भने बाँकी सबै व्यक्तिगत पात्रहरू हुन् । आसन्नताका आधारमा

ILAM Vol. 21, Issue 1, February 2025
ISSN: 2362-1176
DOI: https://doi.org/10.3126/ilam.v21i1.75696


| आधारहरु / पात्रहरु | लिङ्ग | | कार्य/भूमिका | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | स्थिर | गतिशील | व्यक्तिगत | वर्गगत | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| सुयोगवीर | + | | + | | | | + | | + | + | | + | | + | |
| सकमबरी | | + | + | | | + | | | + | + | | + | | + | |
| शिवराज | + | | | + | | + | | + | | + | | + | | + | |
| मुजुरा | | + | | | + | + | | + | | | + | + | | | + |
| सानु | | + | | | + | + | | + | | + | | + | | | + |
| पसल्ली | | + | | | + | | + | + | | + | | + | | | + |
| सोडापानी बेच्ने ठिटो | + | | | | + | | + | | + | + | | + | | | + |
| हेडहन्टरकी छोरी | | + | | | + | + | | + | | | + | | + | | + |
| भैंसीगोठाल्नी | | + | | | + | + | | + | | | + | | + | | + |
| माटिनची | | + | | | + | + | | + | | | + | | + | | + |

हेडहन्टरकी छोरी, भैंसीगोठाल्नी र माटिनची नेपथ्य पात्र हुन् भने बाँकी सबै मञ्चीय पात्रहरू हन् । आबद्धताका आधारमा सुयोगवीर, सकमबरी र शिवराज बद्ध पात्र हुन् भने बाँकी सबै मुक्त पात्रहरू हुन् ।

*शिरीषको फूल उपन्यासका पात्रहरूको चरित्रलाई निम्न तालिकाका आधारमा पनि प्रष्ट पार्न सकिन्छ :*

## शिरीषको फूल उपन्यासका पात्रहरूको शैलीवैज्ञानिक विश्लेषण

यस उपशीर्षकमा उपन्यासका प्रमुख र सहायक पात्रकोमात्र चर्चा गरिएको छ ।

### सुयोगवीर

**पुरूष पात्र-** सकमबरी र मुजुराप्रति आकर्षित हुनु, हेडहन्टरकी छोरी, भैंसीगोठाल्नी र माटिनचीलाई बलात्कार गर्नु, सकमबरीले बुढो भन्नु आदिबाट सुयोगवीर पुरूष पात्र भएको कुरा पुष्टि हुन्छ। यसबाहेक सुयोगवीर नाम नेपालीमा महिलाको हुँदैन । **प्रमुख पात्र-** कथानकमा सबैभन्दा बढी कार्यव्यापार सुयोगवीर मार्फत् सम्पन्न भएको छ। उसको अनुभव, अनुभूति, चिन्तन तथा वर्णनमा नै उपन्यास आधारित छ। यस उपन्यसामा विसङगतिपूर्ण जीवनशैलीको प्रस्तृति सुयोगवीर मार्फत् भएको छ । ऊ यस उपन्यासको एक मात्र नायक हो । त्यसैले सुयोगवीर प्रमुख पात्र हो। **प्रतिकूल पात्र-** हेडहन्टरकी छोरी, भैंसीगोठाल्नी, माटिनची जस्ता अबला नारीहरूलाई बलात्कार गर्ने सुयोगवीर प्रतिकुल पात्र हो । **गतिशील पात्र-** सुरुमा नारीलाई वासनापूर्तिका साधन मात्र सम्भिmने सुयोगवीर पछि गएर नारीलाई आत्मिक प्रेम गर्न पुग्दछ। पहिले जसलाई बलात्कार गऱ्यो उसलाई प्रेम गर्न सक्दैन र पछि जसलाई ऊ प्रेम गर्छ उसलाई बलात्कारगर्न सक्दैन । यो उसको महिलाप्रतिको धारणामा आएको परिवर्तन हो । त्यसैले सुयोगवीर गतिशील पात्र हो । **व्यक्तिगत पात्र-** भूतपूर्व सैनिक जीवन बिताइरहेको सुयोगवीर आफ्नो वर्ग समूहको औसत व्यवहार देखाउँदैन। निरन्तर आफ्नै सुख, सुविधा र वासनापूर्तिका निम्ति सोचिरहने उसले कुनै पनि किसिमको

ILAM Vol. 21, Issue 1, February 2025
ISSN: 2362-1176
DOI: https://doi.org/10.3126/ilam.v21i1.75696


वर्गीय भूमिका निर्वाह गरेको छैन । सकमबरीलाई भेटेपछि उसमा जुन खालको परिवर्तन आउँछ त्यो पनि स्वाभाविक देखिँदैन । त्यसैले सुयोगवीर व्यक्तिगत पात्र हो । **मञ्चीय पात्र**-उपन्यासमा सुयोगवीरको भूमिका परोक्ष छैन । ऊ प्रत्यक्ष वर्णन र संवादमा संलग्न रहेको छ । उसको उपस्थिति वर्तमानमा आधारित छ । त्यसैले ऊ मञ्चीय पात्र हो । **बद्ध पात्र**- सुयोगवीर यस उपन्यासको प्रमुख पात्र हो । ऊ उपन्यासको एक मात्र नायक हो । उपन्यासबाट उसको भूमिका हटाइदिँदा उपन्यास नै बन्दैन । त्यसैले सुयोगवीर बद्ध पात्र हो ।

**सकमबरी**

**स्त्री पात्र**- शिवराज र मुजुराकी बहिनी र सानुकी दिदीको रूपमा रहनु, सुयोगवीर उसप्रति आकर्षित हुनु आदिबाट सकमबरी स्त्री पात्र भएको कुरा पुष्टि हुन्छ । यसबाहेक सकमबरी नाम नेपालीमा पुरूषको हुँदैन । **प्रमुख पात्र**- सकमबरी कथानाकको केन्द्रमा रहेकी छ । ऊ उपन्यासकी एक मात्र नायिका हो । यस उपन्यासमा अस्तित्वादी चिन्तनको प्रस्तुति सकमबरी मार्फत् भएको छ । त्यसैले ऊ प्रमुख पात्र हो । **अनुकूल पात्र**- उपन्यासमा सकमबरीले कसैको कुभलो चिताएकी छैन । अरूलाई हानी हुने तथा समाजको अहित हुने काम पनि गरेकी छैन । त्यसैले ऊ अनुकूल पात्र हो । **गतिशील पात्र**- पहिले बहिर्मुखी स्वभावकी सकमबरी सुयोगवीरले एक चुम्बन गरेपछि अन्तर्मुखी स्वभावकी हुन पुगेकी छ । त्यसैले ऊ गतिशील पात्र हो । **व्यक्तिगत पात्र**- आम युवतीहरू भन्दा भिन्न खालको व्यवहार सकमबरीले देखाउँछे । दाइलाई तिमी भनेर बोलाउने, दाइसँगै चुरोट सल्काउने, फुलले भमरा मार्दा रमाउने, आफ्नो समस्या कसैलाई नबताउने आदि छुट्टै र विशिष्ट किसिमका विशेषताहरू उसमा देखा पर्दछन् । त्यसैले सकमबरी व्यक्तिगत पात्र हो । **मञ्चीय पात्र**- सकमबरी उपन्यासमा प्रत्यक्ष रूपमा देखापरेकी छ । ऊ प्रत्यक्ष वर्णन र संवादमा संलग्न छ । उसको उपस्थिति वर्तमानमा आधारित छ । त्यसैले ऊ मञ्चीय पात्र हो । **बद्ध पात्र**- उपन्यासबाट सकमबरीलाई हटाइदिँदा उपन्यासको आधारभूत संरचना नै खल्बलिन्छ । उपन्यासको सार नै बाँकी रहँदैन । त्यसैले ऊ बद्ध पात्र हो ।

**शिवराज**

**पुरूष पात्र**- मुजुरा, सकमबरी र सानुको दाजु शिवराज पुरूष पात्र हो । यसबाहेक नेपालीमा शिवराज नाम पुरूषको मात्र हुन्छ । **सहायक पात्र**- उपन्यासका प्रमुख पात्रहरू (सुयोगवीर र सकमबरी) पछि सबैभन्दा महत्वपूर्ण भूमिका शिवराजको रहेको छ । शिवराज मार्फत् नै नायक सुयोगवीर र नायिका सकमबरीबिच परिचय भएको छ । सुयोगवीर र सकमबरीको व्यक्तित्व मार्फत् उसको व्यत्तित्व प्रकट भएकाले ऊ प्रमुख पात्र त हुन सकेको छैन तर उपन्यासको सुरूदेखि अन्तिमसम्म सक्रिय शिवराज उपन्यासको एक मात्र सहायक पात्रको रूपमा रहेको छ । **अनुकूल पात्र**- कहिल्यै कसैको कुभलो नचिताउने र कसैलाई हानी नपुऱ्याउने शिवराज अनुकूल पात्र हो । **स्थिर पात्र**-प्रस्तुत उपन्यासमा शिवराजको व्यवहारमा र विचारमा कुनै पनि किसिमको बदलाव आएको देखिँदैन । त्यसैले ऊ स्थिर पात्र हो । **व्यक्तिगत पात्र**- परिवारको अभिभावक भएर पनि शिवराजले अभिभावकीय दायित्व निर्वाह गर्न सकेको छैन । तिनवटी बहिनीहरूमध्ये एउटीप्रति उसको बढी नै लगाव रहेको देखिन्छ । उमेर ढल्किसक्दा पनि बिहे नगरेको तथा जीवनको उद्देश्यप्रति नै स्पष्ट नभएको शिवराजमा कुनै वर्गीय विशेषता देखिँदैनन् । त्यसैले ऊ व्यक्तिगत पात्र नै हो । **मञ्चीय पात्र**- उपन्यासमा शिवराजको वर्णन प्रत्यक्ष रूपमा भएकाले ऊ मञ्चीय पात्र हो । **बद्ध पात्र**- उपन्यासबाट शिवराजको भूमिका हटाइदिँदा उपन्यासको संरचना नै बिग्रिन्छ । उपन्यास अपूर्ण रहन्छ । त्यसैले ऊ बद्ध पात्र हो ।

## निष्कर्ष

आख्यानमा उपस्थित व्यक्ति पात्र हो भने उसको विशेषताचाहिँ चरित्र हो । आख्यानात्मक कृतिमा पात्र एक अनिवार्य र महत्त्वपूर्ण तत्त्वको रुपमा रहेको हुन्छ । शैलीवैज्ञानिक आधारमा वर्गीकरण गर्दै व्याख्या गरिएको पात्र विश्लेषण बढी वस्तुगत र व्यवस्थित हुने गर्दछ । शैलीवैज्ञानिक ढाँचामा लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताका आधारमा पात्रहरूको वर्गीकरण गरी त्यसैको सहायताले पात्रको चरित्र चिनाउने गरिन्छ ।

ILAM Vol. 21, Issue 1, February 2025
ISSN: 2362-1176
DOI: https://doi.org/10.3126/ilam.v21i1.75696


यस उपन्यासमा सुयोगवीर प्रमुख पुरुष पात्रको रूपमा रहेको छ । ऊ प्रतिकूल पात्र, गतिशील पात्र र व्यक्तिगत पात्रको भूमिकामा रहेको पाइन्छ । ऊ मञ्चीय पात्र र बद्ध पात्रको रूपमा रहेको छ ।

सकमबरी प्रमुख स्त्री पात्रको भूमिकामा रहेको छ । ऊ अनुकूल पात्र, गतिशील पात्र र व्यक्तिगत पात्रको रूपमा देखिन्छ । मञ्चीय पात्र र बद्ध पात्रको रूपमा रहेको छ ।

शिवराम सहायक पुरुष पात्रको रूपमा रहेको छ । ऊ अनुकूल पात्र, स्थिर पात्र र व्यक्तिगत पात्रको रूपमा रहेको छ । उ मञ्चीय पात्र र बद्ध पात्रको भूमिकामा रहेको छ । शिरीषको फूल उपन्यासमा पात्रहरूको सङ्ख्या थोरै भए पनि उनीहरूको चरित्रमा निकै विविधता देखापर्दछ । महत्त्वपूर्णदेखि सामान्य भूमिकामा रहेका सबै पात्रहरूका आआफ्नै विशेषताहरू रहेका छन् । उपन्यासमा वर्गगतभन्दा व्यक्तिगत पात्रहरू बढी सशक्त र प्रभावशाली देखिन्छन् ।

## सन्दर्भ सामग्री :

खनाल, राजेन्द्र (२०६८), *शैलीवैज्ञानिक पठनमा दुई उपन्यास,* तन्नेरी प्रकाशन, काठमाडौँ ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०७२), *नेपाली कथा र उपन्यास,* एम.के.पब्लिसर्स डिस्ट्रिब्युटर्स, काठमाडौँ ।

दाहाल, दुर्गा प्रसाद (२०५९), *नरेन्द्र दाइ उपन्यासको शैलीवैज्ञानिक अध्ययन,* अप्रकाशित स्नात्तकोत्तर शोधपत्र, कीर्तिपुरः नेपाली केन्द्रीय विभाग ।

पारिजात (२०५२), *शिरीषको फूल,* ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्ण र नेत्र एटम (२०५८), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास,* साझा प्रकाशन ।

भुसाल, केशव (२०८१),*कृति विश्लेषणको शैलीवैज्ञानिक आधार,* नेशनल इनोभेटिभ रिसर्च जर्नल, (३-१), ५९-८४. DOI: https://doi.org/10.3126/irj.v3i1.71032

शर्मा, मोहनराज (२०५९), *शैलीविज्ञान,* (दोस्रो संस्करण), नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।

शर्मा, मोहनराज (२०६६), *आधुनिक तथा उत्तर आधुनिक पाठकमैत्री समालोचना,* क्वेस्ट पब्लिकेसन, काठमाडौँ ।